# काठमाडौं महानगरपालिका

यँ महानगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

## सामाजिक विकास विभाग

कमलादी ,काठमाडौं,बागमती प्रदेश,नेपाल

पत्र संख्या : ०८०।०८१
चलानी नं. १६२०

मितिः२०८१।०१।१२
नेपाल संवत् ११४४ चौलाथ्व पुन्हि

**श्री वडा कार्यालय (१ देखि ३२ नं. वडा कार्यालय)**
**काठमाडौं महानगरपालिका ।**

**विषय : युवाहरुलाई सहभागी गराईदिने सम्वन्धमा ।**

प्रस्तुत विषयमा काठमाडौं महानगरपालिकाले चालु आ.व. २०८०।०८१ मा कार्यान्वयनमा ल्याएको १० वटा गौरवको योजना मध्येको रोजगारी र आयवृद्धि काठमाडौंको समृद्धि एक महत्वपूर्ण योजना हो । यसै योजना अन्तर्गत नयाँ वर्ष २०८१ साल वैशाख महिनाको १९ गते अन्तर्राष्ट्रिय श्रमिक दिवस (May 1) को दिनदेखि युवा लक्षित विभिन्न किसिमका छोटो अवधिका (१ हप्ता देखि १ महिना सम्मका) सीपमूलक व्यवसायिक तालिमहरु निःशुल्क रुपमा प्रदान गरी युवाहरुलाई व्यवसायिक सीपको महत्ववारे चेतना जगाउने, आयमूलक कार्यक्रमहरुमा युवाको चासो र सहभागिता वढाउने, युवाशक्तिलाई रोजगारमूलक र उद्यमशील वनाउन सरल र सहज रुपमा व्यवसायिक सीपमा पहुँच पुर्‍याउने उद्धेश्यले टुँडीखेलमा तालिम शुरु गर्न लागेका छौं ।

सो तालिममा काठमाडौं महानगरपालिकाका १ देखि ३२ वटै वडाक्षेत्रका वासिन्दाहरुलाई प्राथमिकतामा राखिएको हुँदा यस निःशुल्क सीपमूलक तालिममा वढी भन्दा वढी युवाहरुको सहभागिता गराई पौरखी हातहरुको सीप वढाउने कार्यमा साथ दिनुहुन अनुरोध गर्दछौं ।

**नि.विमला कोइराला**
**विभागीय प्रमुख**
**सामाजिका विकास विभाग**

**श्री सूचना प्रविधी विभाग-यो पत्र काठमाडौं महानगरपालिकाको वेभ साइडमा Upload गरिदिन हुन ।**